नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय
# विद्युत विकास विभाग
## प्रशारण लाइन अनुमतिपत्र शाखा
सानोगौचरण, काठमाडौं

प.सं. :- ०८३/८४
च.नं. :- ९४०

मिति :- वि.सं. २०८३/०४/२५
ने.स. :- ११४६ दिल्लागा.१२ सोमवार

विषयः खिम्ती–घ्वाङ खोला साना ज.वि.आ.को स्विचयार्ड – गर्ज्याङ सबस्टेसन ३३ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको दरखास्त बारे ।

श्री वन्डर्स इनर्जी प्रा.लि.,
बुद्धनगर, काठमाडौं ।

प्रस्तुत विषयमा तँहाबाट खिम्ती–घ्वाङ खोला साना ज.वि.आ.को स्विचयार्ड देखि गर्ज्याङ सबस्टेशन सम्म ३३ के.भी. विद्युत प्रसारण लाईन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको लागि पेश गरेको दरखास्त उपर कारवाही हुँदा तपशिल बमोजिमका विवरणहरु संलग्न नदेखिएकोले ३५(पैंतिस) दिन भित्र पेश गर्नु हुन विभागको मिति २०८३/०४/२५ को निर्णयानुसार व्यहोरा अनुरोध छ ।

**तपशिलः**

१. प्रस्तावित ३३ के.भी. विद्युत प्रसारण लाइनको प्राविधिक विश्लेषण (Voltage Selection, Conductor selection, Power loss, Voltage Regulation etc.) तथा Comparative Analysis of all proposed routes सहितको डेस्क स्टडी प्रतिवेदन,
२. प्रवर्द्धक कम्पनी तथा परामर्शदातृसंस्थाको कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र, प्रवन्धपत्र तथा नियमावली, उद्योग दर्ता प्रमाणपत्र र अघिल्लो आ.व. ०८१/८२ को कर चुक्ताको **प्रमाणित** प्रतिलिपि,
३. प्रबर्द्धक कम्पनीको संचालक समितिको विद्युत प्रसारण लाइनको सर्वेक्षण अनुमतिपत्रको लागि विभागमा दरखास्त दिने बैठकको निर्णय सहितको अख्तियारिनामा, पत्राचार गर्ने स्पष्ट ठेगाना, अख्तियारी प्राप्त व्यक्तिको परिचयपत्र एवं सम्पर्क नं. सहितको विवरण,
४. प्रबर्द्धक तथा परामर्शदातृ संस्था विच सर्वेक्षण कार्यको लागि भएको सम्झौताको **प्रमाणित** प्रतिलिपि,
५. नेपाल विद्युत प्राधिकरण र प्रबर्द्धक कम्पनी बीच प्रस्तावित जलविद्युत आयोजनाहरु उत्पादन हुने विद्युतको बहाल रहेको विद्युत खरिद विक्रि सम्झौतापत्र (PPA) वा Grid Connection को लागि भएको MOU को प्रमाणित प्रतिलिपि,
६. प्रस्तावित जलविद्युत आयोजनाको विद्युत उत्पादन वा विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको प्रतिलिपि,
७. प्रस्तावित विद्युत प्रसारण लाइन राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रमा पर्ने/नपर्ने तथ्य सहितको जानकारीको पत्र,
८. प्रस्तावित १३२ के.भी. विद्युत प्रसारण लाइनको १.५ किलोमिटर क्षेत्रभित्रकाविद्युत सम्बन्धि अन्य संरचनाहरु भए नभएको विवरण। यदि तेस्तो कुनै संरचना भए सोसमेतको विवरण,
९. Soft Copies (Desk Study Report, Route Alignment .kmz file, all the documents related to developer and consultant company, PPA, Grid Connection Agreement, etc) |

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Sabitri Dhamala
sabitridhamala7@gmail.com

(सावित्री धमाला)
इलेक्ट्रीकल ईन्जिनियर